वनगाड कुपिण्डे नगरपालिका

# स्थानीय राजपत्र

खण्डः १ संख्याः २ मितिः २१/१०/२०७५

**भाग-१**

वनगाड कुपिण्डे नगरपालिका

## वनगाड कुपिण्डे नगरपालिका शिक्षा ऐन, २०७५

### प्रस्तावना :

वनगाड कुपिण्डे नगरको समग्र विकासका लागि संघिय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था अनुकूल जीवनोपयोगी, सदाचार, समयानुकूल, मानवीय मूल्यमा आधारीत ज्ञानको अभिबृद्धिका लागि शैक्षिक स्तरको असमानतालाई न्यूनीकरण गरी शिक्षाको गुणस्तरीयतामा पहुँच कायम गर्दै श्रमप्रति सम्मान गर्ने, स्वस्थ प्रतिस्पर्धी, दक्ष जनशक्ति उत्पादन गर्न स्थापना भई सञ्चालन भइरहेका र नगर क्षेत्रभित्र स्थापना हुने विद्यालयको व्यवस्थापकीय सुधार र शैक्षिक विकास गर्न वाञ्छनीय भएकाले "नेपालको संविधान २०७२ को धारा ५७ उपधारा ४, अनुसूची ८ को सूची नं. ८" तथा "स्थानीय सरकार सञ्चालन ऐन, २०७४, परिच्छेद १५, को दफा, १०२ बमोजिमको अधिकार प्रयोग गरी वनगाड कुपिण्डे नगरपालिकाको ... औं नगरसभाले यो ऐन बनाएको छ।

**परिच्छेद-१**

### प्रारम्भिक संक्षिप्त नाम र परिभाषा

१.संक्षिप्त नाम र प्रारम्भ

क) यस ऐनको नाम "वनगाड कुपिण्डे नगरपालिका शिक्षा ऐन–२०७५" रहेको छ ।

ख) यो ऐन वनगाड कुपिण्डे नगरपालिकाभर लागू हुनेछ।

ग) यो ऐन स्थानीय तहको राजपत्रमा प्रकाशन भएपछि लागू हुनेछ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा

क) "नगरपालिका" भन्नाले वनगाड कुपिण्डे नगरपालिकालाई बुझ्नु पर्नेछ।

ख) "नगर कार्यपालिका" भन्नाले वनगाड कुपिण्डेको नगर कार्यपालिका बुझ्नु पर्नेछ ।

ख) "नगर सभा भन्नाले" वनगाड कुपिण्डे नगरपालिकाको नगरसभालाई बुझ्नु पर्नेछ ।

ग) "विद्यालय शिक्षा" भन्नाले आधारभूत र माध्यमिक दुबै शिक्षा बुझ्नु पर्नेछ ।

घ) "माध्यमिक शिक्षा" भन्नाले कक्षा नौदेखि बाह्रसम्म दिइने शिक्षा बुझ्नु पर्नेछ ।

ङ) "आधारभूत शिक्षा" भन्नाले प्रारम्भिक बालशिक्षादेखि कक्षा आठसम्म दिइने शिक्षा सम्झनु पर्छ

च)"प्राथमिक शिक्षा" भन्नाले प्रारम्भिक बालशिक्षादेखि कक्षा पाँचसम्म दिइने शिक्षा सम्झनु पर्छ ।

(छ) "प्रारम्भिक बाल विकास शिक्षा" भन्नाले ४ बर्षमुनिका बालबालिकाहरूलाई मनोरञ्जनात्मक विधिवाट शारीरिक, मानसिक, सामाजिक र संवेगात्मक विकासका लागि दिइने शिक्षा बुझ्नु पर्नेछ ।

ज)"विशेष शिक्षा" भन्नाले दृष्टिविहीन, बहिरा, अटिज्म, बौद्धिक अपाङ्गता, सुस्तश्रवण वा अतिअशक्त शारीरिक अपाङ्गता भएका बालबालिकालाई छुट्टै समूहमा राखी दिइने शिक्षा बुझ्नु पर्नेछ ।

झ) "प्राविधिक तथा व्यावसायिक शिक्षा" भन्नाले प्राविधिक ज्ञान, सीप, दक्षता तथा विषयवस्तुको सिकाइ गरी प्रविधि र व्यवसायको शिक्षा प्रदान गर्न कक्षा नौ देखि कक्षा बाह्र सम्म अध्यापन गराइने शिक्षालाई बुझ्नु पर्नेछ ।

ञ) "सामुदायिक विद्यालय" भन्नाले समुदायको पहलमा स्थापना गरिएको नाफारहित प्रकृतिको संघिय सरकार/स्थानीय सरकारबाट नियमित रूपमा अनुदान पाउने गरी अनुमति वा स्वीकृतिप्राप्त विद्यालय सम्झनु पर्छ ।

झ) "नीजि लगानीको विद्यालय" भन्नाले व्यक्ति/संस्था वा समुदायको पहलमा स्थापना गरिएका सघिय सरकार/स्थानीय सरकारबाट नियमित रूपमा अनुदान नपाउने गरी अनुमति वा स्वीकृतिप्राप्त विद्यालय बुझ्नु पर्नेछ ।

ञ) "पूर्व प्राथमिक विद्यालय" भन्नाले दफा २.(छ) अनुसार शिक्षा दिने केन्द्र सम्झनु पर्छ ।

ट)"प्राथमिक विद्यालय" भन्नाले दफा २.(च) अनुसार शिक्षा दिने विद्यालय सम्झनु पर्छ

ठ)"आधारभुत विद्यालय" भन्नाले दफा २.(ङ) अनुसार शिक्षा दिने विद्यालय सम्झनु पर्छ ।

ड)"माध्यमिक विद्यालय " भन्नाले दफा २.(घ) वा दफा २.(घ) र दफा २.(ङ )वा दफा २.(घ), दफा २.(ङ) र दफा २.(च) अनुसार शिक्षा दिने विद्यालय सम्झनु पर्छ ।

ञ) "नगर शिक्षा अधिकारी" भन्नाले नगरपालिकाभित्र स्थानीय तहको शिक्षा सञ्चालन, व्यवस्थापन, नियमन, निर्देशन, अनुगमन र मूल्याङकन गर्ने तथा ऐन बमोजिम तोकिएका कार्य गर्न नेपाल सरकारले खटाएको शिक्षा सेवाको कर्मचारी बुझ्नु पर्नेछ ।

ट) "स्रोतकेन्द्र" भन्नाले नगरपालिकाभित्र रहेका विद्यालयहरूको समूह बनाई पायक पर्ने विद्यालयमा कार्यालय रहने गरी शैक्षिक गतिविधिहरूसञ्चालन हुने केन्द्र भन्ने बुझ्नुपर्छ ।

ठ) "स्रोतव्यक्ति" भन्नाले स्रोतकेन्द्रको प्रमुख पदमा नियुक्त भएका व्यक्तिलाई बुझ्नु पर्नेछ ।

ड) "कर्मचारी" भन्नाले सामुदायिक विद्यालयमा कार्यरत शिक्षक बाहेकका अन्य कर्मचारी बुझ्नु पर्नेछ ।

ढ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेका नियमावलीमा तोकिएको वा तोकिए बमोजिम बुझ्नु पर्नेछ ।

ण) "अनुमति" भन्नाले नेपाल सरकार वा नगरपालिकाले स्थायी स्वीकृति प्रदान गरी नसकेको कुनै तोकिएको ठाउँ वा क्षेत्रमा विद्यालय खोल्न वा कक्षा थप गर्न दिइएको अस्थायी स्वीकृतिलाई जनाउँछ ।

त) "स्वीकृति" भन्नाले तोकिए बमोजिमको सर्त पुरा गरेको विद्यालयलाई नेपाल सरकार वा नगरपालिकाले दिएको स्थायी स्वीकृतिलाई जनाउँछ ।

थ) "आवासीय विद्यालय" भन्नाले नेपाल सरकार वा नगरपालिकाले आवासीय विद्यालयको रूपमा स्वीकृति प्रदान गरिएको विद्यालयलाई जनाउँछ ।

द) "शैक्षिक गुठी" भन्नाले विद्यालय सञ्चालन गर्नका लागि कुनै व्यक्ति वा समुदायले नाफा आर्जन नगर्ने उद्धेश्यले स्थापना गरेको सार्वजनिक वा निजी गुठी बुझ्नु पर्नेछ ।

ध) "स्थायी आवासीय अनुमति" भन्नाले विदेशी मुलुकले कुनै सर्त तोकी वा सो मुलुकमा स्थायी रूपमा बसोबास गर्न पाउने गरी नेपाली नागरिकलाई उपलब्ध गराएको डाईभर्सिटी इमिग्रेन्ट भिसा, परमानेन्ट रेजिडेन्ट भिसा वा ग्रीन कार्ड सम्झनु पर्दछ र सो शब्दले नेपाली नागरिकलाई विदेशमा स्थायी रूपमा बसोबास गर्न दिइएको जुनसुकै नामको स्थायी आवासीय अनुमतिसमेतलाई जनाउँछ ।

## परिच्छेद-२
## विद्यालय खोल्ने अनुमति वा स्वीकृति, गाभ्ने र खारेजी सम्वन्धी व्यवस्था

३. विद्यालय खोल्न अनुमति लिनु पर्ने :

(१) नेपाली नागरिक वा नेपाली नागरिकको समुदायले सामुदायिक विद्यालय वा शैक्षिक गुठी अन्तर्गत नीजि लगानीको विद्यालय खोल्न चाहेमा तोकिएको विवरण खुलाई नगरपालिकामा तोकिएको अधिकारी समक्ष अनुमतिका लागि शैक्षिक शत्र सुरु हुनु भन्दा ३ महिना अगावै वडा शिक्षा समितिको सिफारीस सहित निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा सो निवेदन उपर नगर शिक्षा शाखाले स्रोतव्यक्तिको स्थलगत अनुगमन प्रतिवेदनका आधारमा विद्यालय खोल्न अनुमति दिन मनासिव देखिएमा तोकिएको सर्त बन्देज पालना गर्ने गरी नगर शिक्षा समितिको सिफारिस र नगरकार्यपालिकाको निर्णयअनुसार तोकिएको अधिकारीले अनुमति दिनेछ ।

(३) उपदफा (२) बमोजिम अनुमति लिई खोलिएको विद्यालयले तोकिएका सर्त बन्देज पालना गरेको देखिएमा नगर शिक्षा समितिको सिफारिसमा विद्यालयलाई स्वीकृति प्रदान गर्ने नगरकार्यपालिकाको निर्णय नगर सभाले अनुमोदन गरेमा तोकिएको अधिकारीले स्वीकृति प्रदान गर्नेछ ।

(४) यो दफा प्रारम्भ हुँदाका वखत कम्पनीको रूपमा सञ्चालन गरेका विद्यालयहरूले चाहेमा कम्पनी खारेज गरी शैक्षिक गुठी वा सहकारी अन्तर्गत विद्यालय सञ्चालन गर्न तोकिएको अधिकारी समक्ष निवेदन दिन सक्नेछन् ।

(५) उपदफा (२), (३) मा जुनसुकै कुरा लेखिएको भएतापनि देहायका विद्यालयहरूलाई शैक्षिक गुठीका रूपमा सञ्चालन गर्न पाउने अनुमति वा स्वीकृति दिइने छैन :

क) सरकारी वा सार्वजनिक भवनमा सञ्चालन भएका विद्यालय,

ख) सरकारी वा सार्वजनिक जग्गामा भवन बनाई सञ्चालन भएका विद्यालय,

ग) कुनै व्यक्ति वा संस्थाले विद्यालयको नाममा भवन वा जग्गा दान, दातव्य दिएकोमा सो भवनमा वा त्यस्तो जग्गामा भवन बनाई सञ्चालन भएको विद्यालय,

(६) यस ऐन वा प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएतापनि शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्दा देहायबमोजिम गर्नु पर्नेछ :

(क) शैक्षिक गुठी सञ्चालन गर्ने गुठी सञ्चालक सङगठित संस्थाको रूपमा हुनु पर्ने,

(ख) शैक्षिक गुठी सञ्चालन गर्दा ट्रष्टीमा सार्वजनिक गुठी भए कम्तीमा सातजना र निजी गुठी भए कम्तीमा पाँचजना सदस्य हुनु पर्ने,

वनगाड कुपिण्डे नगरपालिका राजपत्र

(ग) शैक्षिक गुठीको आयव्ययको लेखा तोकिएबमोजिम खडा गरी मान्यताप्राप्त लेखा परीक्षकबाट लेखा परीक्षण गराउनु पर्ने,

(घ) शैक्षिक गुठीको तत्काल कायम रहेका ट्रष्टीले आफ्नो जीवनकालमै वा शेषपछि गुठीयारको रूपमा कार्य गर्ने आफ्नो उत्तराधिकारी तोक्न सक्नेछन । तर सार्वजनिक शैक्षिक गुठीको हकमा त्यस्तो उत्तराधिकारी तोक्दा नगरपालिकाको स्वीकृति लिनु पर्नेछ ।

(७) कुनै सामाजिक, परोपकारी वा कल्याणकारी संस्थाले मुनाफा नलिने उद्धेश्यवाट विद्यालय सञ्चालन गर्न चाहेमा तोकिएको अधिकारीबाट स्वीकृति लिई सार्वजनिक शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्न सक्नेछ ।

(८) उपदफा (७) बमोजिम सञ्चालित विद्यायलयले पालन गर्नु पर्ने सर्त तथा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(९) माथि उल्लेखित उपदफाहरूमा जुनसुकै कुरा लेखिएको भएतापनि कुनै विदेशी शिक्षण संस्थासँग सम्बन्धन कायम गर्ने गरी कसैलाई पनि विद्यालय खोल्न अनुमति वा स्वीकृति दिइनेछैन । तर नेपाल सरकारसँग सम्झौता भएको अवस्थामा त्यस्ता विद्यालयहरूलाई अनुमति दिन सकिनेछ ।

उपदफा ७, ८, ९ मा उल्लेख भए बमोजिम स्थापित शैक्षिक गुठी अन्तर्गतका विद्यालयलाई नियमानुसार तोकिए बमोजिमको आवश्यक प्रक्रिया पुरा गरी सामुदायीकरण गर्न सकिनेछ ।

(१०) विद्यालय सञ्चालन तोकिए बमोजिम हुनेछ ।

४. नगरपालिकाले विद्यालय गाभ्न, सार्न, नाम परिवर्तन गर्न वा बन्द गर्न सक्ने :

१) नगरपालिकाले हाल सञ्चालनमा रहेका विद्यालयहरूलाई दुरी, विद्यार्थी सङ्ख्या, गुणस्तरीयता, सञ्चालन क्षमताको आधारमा गाभ्न, एक ठाउँबाट अर्को ठाउँमा सार्न वा आवश्यक नभएको पर्याप्त आधार भएमा बन्द गर्न वा आवश्यक क्षेत्रमा खोल्न वा कक्षा थप गरी सञ्चालन गर्न अनुमति वा स्वीकृति दिन वा नाम परिवर्तन गर्न सम्बन्धित वडा शिक्षा समितिको सहमति, नगर शिक्षा समितिको रायअनुसार कार्यपालिकाले निर्णय गर्न सक्नेछ ।

२) उपदफा (१)बमोजिम गाभिएका वा बन्द गरिएका विद्यालयको सम्पत्तिको व्यवस्थापन तोकिए बमोजिम हुनेछ ।

५. अनुमति वा स्वीकृति रद्ध गर्नेः कुनै नीजि लगानीको विद्यालयले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरीत अन्य कुनै काम गरेमा नगर शिक्षा समितिको सिफारीसमा नगरकार्यपालिकाले त्यस्तो विद्यालयलाई प्रदान गरेको अनुमति वा स्वीकृति रद्ध गर्न सक्नेछ । तर त्यसरी अनुमति वा स्वीकृति रद्ध गर्नु अघि सम्बन्धित विद्यालयलाई आफ्नो सफाई पेस गर्ने मौका दिइनेछ । खारेजी उपर चित्त नबुझे न्यायिक समितिमा उजुरी लाग्नेछ ।

६. शैक्षिक परामर्श सेवा, विदेशी शैक्षिक कार्यक्रम वा शिक्षण कोर्ष सञ्चालन गर्ने :

(१) कसैले पनि यस ऐन बमोजिम नगरपालिकाबाट अनुमति नलिई शैक्षिक परामर्श सेवा, ब्रिजकोर्ष, कोचिङ्ग, ट्युसन सेन्टर, भाषा शिक्षण कक्षा, होस्टल वा पूर्वतयारी कक्षा वा विदेशी मुलुकमा सञ्चालित कुनै शैक्षिक कार्यक्रम सञ्चालन गर्न पाउने छैन ।

(२) उपदफा (१) बमोजिम शैक्षिक कार्यक्रम, शैक्षिक परामर्श सेवा, ब्रिजकोर्ष, कोचिङ्ग, ट्युसन सेन्टर, भाषा शिक्षण कक्षा, होस्टल वा पूर्वतयारी कक्षा वा विदेशी मुलुकमा सञ्चालित कुनै शैक्षिक कार्यक्रम सञ्चालन गर्न अनुमति लिने सम्वन्धी व्यवस्था तोकिएबमोजिम हुनेछ ।

७. विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर शिक्षा तथा खुल्ला शिक्षा सञ्चालन सम्बन्धी व्यवस्था : यस नगरपालिकाले आवश्यक पूर्वाधारको व्यवस्था गरी विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर शिक्षा तथा खुल्ला शिक्षा, सामुदायिक सिकाई केन्द्र सञ्चालनको व्यवस्था गर्न सक्नेछ ।

८. पूर्व प्राथमिक विद्यालय सम्वन्धी व्यवस्थाः पूर्व प्राथमिक विद्यालयको सञ्चालन तथा व्यवस्थापन तोकिएबमोजिम हुनेछ ।

९. सामुदायिक सिकाइ केन्द्र सञ्चालन गर्न सक्ने : नगरपालिकाले समुदायमा साक्षरता, सीप विकास र निरन्तर शिक्षा सिकाईसमेतको काम गर्न तोकिए बमोजिम सामुदायिक सिकाइ केन्द्र सञ्चालन गर्न सक्नेछ ।

## परिच्छेद-३

## शिक्षाको प्रकार, माध्यम, पाठ्यक्रम र परीक्षा सञ्चालन सम्वन्धी व्यवस्था

१०. माध्यमिक शिक्षाको प्रकार :

माध्यमिक शिक्षा देहाय बमोजिम हुनेछन्:

(क) साधारण माध्यमिक शिक्षा

(ख) संस्कृत माध्यमिक शिक्षा

(ग) प्राविधिक तथा व्यवसायिक माध्यमिक शिक्षा

११. शिक्षाको माध्यमः

क) विद्यालयमा शिक्षाको माध्यम नेपाली, अंग्रेजी वा दुवै भाषा हुनेछ ।

ख) उपदफा (१)मा जुनसुकै कुरा लेखिएको भएतापनि देहायको अवस्थामा विद्यालयमा शिक्षाको माध्यम देहाय बमोजिम हुन सक्नेछ :

(१) प्राथमिक शिक्षा मातृभाषामा दिन सकिनेछ,

(२) गैह्र नेपाली नागरिकले नगरपालिकाको विद्यालयमा अध्ययन गर्दा अनिवार्य नेपाली विषयको सट्टा अन्य कुनै भाषाको विषय अध्ययन गर्न सक्नेछ,

(३) भाषा विषयमा अध्ययन गराउँदा शिक्षाको माध्यम सोही भाषा हुनेछ,

१२. विद्यालय शिक्षाको संरचना : नगरपालिका अन्तर्गतका विद्यालयहरूलाई माध्यामिक विद्यालय, आधारभूत विद्यालय,प्राथमिक विद्यालय र पूर्व प्राथमिक विद्यालय गरी वर्गीकरण गरिनेछ ।

१३. विद्यालयको वर्गीकरण तोकिए बमोजिम हुनेछ ।

१४. विद्यालयको पाठ्यक्रम तथा पाठ्यपुस्तकः

क) विद्यालयले नेपाल सरकारले तोकेको न्यूनतम मापदण्ड पुरा गरी आवश्यक सिकाइ उपलब्धि हासिल हुने गरी अध्ययनअध्यापन गराउनु पर्नेछ ।

ख) विद्यालयले नेपाल सरकारले तोकेको मापदण्डभित्र रही स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तक लागू गर्न सक्नेछ । सो प्रयोजनका लागि नगरकार्यपालिकाले स्थानीय पाठ्यकम विकास केन्द्र गठन गरी पाठ्यकम विकास गर्न सक्नेछ ।

१५ .परीक्षा सञ्चालन :

१.परीक्षा सञ्चालन, अनुगमन, नियमन, नतिजा प्रकाशन तथा अभिलेख व्यवस्थापन तोकिए बमोजिम हुनेछ। तर प्राथमिक तह र आधारभूत तहको अन्तिम परीक्षा नगरपालिका स्तरीय हुनेछ।

२. नगरपालिका स्तरीय परीक्षा सञ्चालन, अनुगमन, नियन्त्रण, निर्देशन र व्यवस्थापन गर्नका लागि देहायबमोजिमको परीक्षा समिति रहने छ।

क) नगर शिक्षा अधिकारी संयोजक

ख)आधारभुत तथा माध्यमिक विद्यालयका प्र. अ. हरूले आफूहरूमध्येबाट छानी पठाएको कम्तीमा १ जना महिला सहित २ जना सदस्य

ग) प्राथमिक विद्यालयका प्र. अ. हरूले आफूहरूमध्येबाट छानी पठाएको कम्तीमा १ जना महिला सहित २ जना सदस्य

घ) संस्थागत विद्यालयका प. अ. हरूमध्येबाट नगर शिक्षा अधिकारीले मनोनित गरेको १ जना सदस्य

ङ) नगर शिक्षा समितिले तोकेको स्रोतव्यक्ति सदस्य सचिव

## परिच्छेद -४
## नगर शिक्षा समिति, वडा शिक्षा समिति, शिक्षक छनौट समिति, नगर शिक्षा अनुगमन समिति र नगर शिक्षा प्रमुख सम्वन्धी व्यवस्था

१६. नगर शिक्षा समिति :

(१) नगरपालिका क्षेत्रभित्र सञ्चालन हुने विद्यालयको रेखदेख, समन्वय र व्यवस्थापन गर्ने कामका लागि देहाय बमोजिमको नगर शिक्षा समिति रहने छ :

(क) नगरपालिकाको प्रमुख -अध्यक्ष

(ख) प्रमुख प्रशासकीय अधिकृत -सदस्य

(ग) नगर कार्यपालिकाले तोकेको शिक्षा हेर्ने विषयगत समितिका संयोजक -सदस्य

(घ) नगर पालिकाले नगर सभासद मध्येवाट तोकेका एकजना दलित महिला सहित २ जना महिला -सदस्य

(ङ) समाजसेवी तथा शिक्षाप्रेमीहरू मध्येबाट एकजना दलित वा अल्पसंख्यक पर्ने गरी नगरशिक्षा समितिले मनोनित गरेका १ जना महिला -सदस्य

(च) सामुदायिक विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरू मध्येबाट नगर शिक्षा समितिले मनोनित गरेका १ जना -सदस्य

(छ) संस्थागत विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरू मध्येबाट नगरशिक्षा समितिले मनोनित गरेको १ जना -सदस्य

(ज) शिक्षक महासंघको नगर अध्यक्ष १ जना -सदस्य

(झ) नगर शिक्षा समितिले मनोनित गरेको स्रोतव्यक्ति एक जना -सदस्य

(ञ)नगर शिक्षा अधिकारी -सदस्य सचिव

(२) समितिका पदेन सदस्यबाहेक मनोनित सदस्यको पदावधि तीन वर्षको हुनेछ।

(३) उपदफा (१) अन्तर्गतका मनोनित सदस्यहरूले आफ्नो पदीय आचरण पालन नगरेको अवस्थामा मनोनयन गर्ने पदाधिकारी वा निकायले जुनसुकै समयमा पनि हटाउन वा बर्खास्त गर्न सकिनेछ। तर त्यसरी हटाउँदा वा बर्खास्त गर्नु पहिले मनासिब माफिकको सफाइ दिने अवसर प्रदान गरिनेछ।

(४) नगर शिक्षा समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) नगरपालिकाभित्रको शैक्षिक योजना तयार गर्ने,

(ख) नगरपालिका क्षेत्रभित्र विद्यालय सञ्चालनका लागि अनुमति, स्वीकृति, विद्यालय सार्ने, गाभ्ने, कक्षा थप्ने र घटाउने सम्बन्धमा नगरकार्यपालिकालाई आवश्यक राय प्रदान गर्ने।

(ग) विद्यालयहरूका लागि आवश्यक आर्थिक अनुदान तथा स्रोतको खोजी गर्ने,

(घ) नगरपालिका क्षेत्रभित्र सञ्चालन हुने परीक्षाहरूलाई मर्यादित, व्यवस्थित र भयरहित बनाउने,

(ङ) नगरपालिका क्षेत्रभित्र सञ्चालित विद्यालयहरूको शिक्षक दरबन्दी, सेवा, सुविधा र सर्तहरू स्वीकृत गर्न नगर कार्यपालिकामा सिफारीस गर्ने ,

(च) व्यवसायिक शिक्षा तथा सीपमूलक शिक्षाको कार्यान्वयन गर्ने गराउने तथा व्यवसायिक, सीपमूलक र प्राविधिक शिक्षा विद्यालयको आवश्यकता एवम् परिस्थिति अनुसार तोकिएको कक्षाबाट सञ्चालन गराउने,

(छ) विद्यालय व्यवस्थापन समितिलाई निर्देशन दिने, जागरुक र सचेत गराउने,

(ज) विद्यालयका लागि आवश्यक साधनस्रोत जुटाउने र परिचालन गर्ने,

(झ) विद्यालयहरूसँग सम्बन्धित विषयहरूको सम्बोधन गर्ने,

(ञ) शिक्षाको गुणस्तर कायम राख्न सूचक निर्धारण गर्ने र प्रगति मूल्याङ्कन गर्ने।

(ट) विद्यालयको सामाजिक परीक्षण गर्न लगाउने।

(ठ) शैक्षिक गुठीसँग गर्ने सम्झौताका सर्तहरू निर्धारण गर्ने।

(ड) विद्यालयहरूको सुपरीवेक्षण तथा अनुगमन गर्ने।

(ढ) शैक्षिक संस्था र शिक्षासँग आवद्ध शिक्षक कर्मचारीहरूलाई कामका आधारमा आवश्यक प्रोत्साहन, नसिहत र दण्ड गर्ने गराउने।

(ण) शिक्षक छनौट गर्ने कार्यका लागि विशेषज्ञको सूची प्रकाशन गर्ने।

(त) तोकिए बमोजिम विज्ञहरू रहेको योजना निर्माण कार्यदल गठन गर्ने।

थ) शैक्षिक कार्यक्रम, शैक्षिक परामर्श, ब्रिजकोर्ष, कोचिङ्ग कक्षा, ट्यूसन सेन्टर, भाषा शिक्षण कक्षा तथा पूर्व तयारी कक्षा सञ्चालनको अनुमति प्रदान सम्बन्धमा नगरकार्यपालिकालाई आवश्यक राय प्रदान गर्ने।

(द) अन्य तोकिएबमोजिमका कार्यहरू गर्ने।

१७. वडा शिक्षा समितिः

(१) नगरपालिकाका प्रत्येक वडामा देहाय बमोजिमको वडा शिक्षा समिति गठन हुनेछ :

(क) सम्बन्धित वडाका वडा अध्यक्ष -संयोजक

(ख) वडा समितिका महिला सदस्यहरू मध्येबाट वडा समितिको बैठकले तोकेको एकजना -सदस्य

(ग) वडा भित्र सञ्चालीत उच्च तहको विद्यालयका प्रधानाध्यापकहरू मध्येबाट वडा शिक्षा समितिले मनोनित गरेको एकजना -सदस्य

(घ) विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरू मध्येबाट वडा शिक्षा समितिले मनोनित गरेको एकजना -सदस्य

(ङ) सम्बन्धित वडाभित्रका शिक्षाप्रेमीहरू मध्येवाट वडा शिक्षा समितिले मनोनित गरेका एकजना महिला सहित २ जना -सदस्य

(च) सम्बन्धित वडामा कार्यरत वडा सचिव -सदस्य सचिव

(२) वडा शिक्षा समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क) आफनो वडाको शैक्षिक योजना तयार गर्ने ,

ख)आफ्नो वडा भित्र सञ्चालन हुने परीक्षालाई मर्यादित, भयरहित बनाउन सहयोग गर्ने,

ग) विद्यालय व्यवस्थापन समितिलाई सजग र जागरुक बनाउन आवश्यक निर्देशन दिने ।

घ) विद्यालयका लागि आवश्यक साधन र स्रोत जुटाउने र परिचालन गर्ने गराउने

ङ) सम्बन्धित वडाभित्रका अभिभावक र शिक्षक बीच विबाद उत्पन्न भएमा समाधान गर्ने ,

च) विद्यालयको सुपरीवेक्षण तथा अनुगमन गर्ने गराउने ।

छ) वडाको शैक्षिक अभिवृद्धिकालागि आवश्यककार्यहरू गर्ने ,

ज) बालविकास केन्द्र सञ्चालन गर्न अनुमति प्रदान गर्ने तर स्थानीय तहलाई आर्थिक दायित्व पर्ने गरी यस्ता केन्द्र खोलिने भएमा नगर कार्यपालिकाको अनुमति लिनु पर्ने ।

झ) नगर शिक्षा समितिले तोके बमोजिमका अन्य कार्य गर्ने

ञ) वडा शिक्षा समितिले आफनो बैठक सञ्चालन सम्बन्धी कार्यबिधि आफैले निर्धारण गर्ने छ ।

१८. शिक्षक छनौट समिति

(१) नगरपालिकाभित्र रहेका विद्यालयहरूमा स्वीकृत दरबन्दी, अनुदानकोटा (राहतकोटा), शिक्षण सहयोग अनुदान, विद्यालयको आन्तरिक स्रोतको शिक्षक, बालविकास शिक्षक, विद्यालय सहायक र विद्यालय सहयोगी करार नियुक्तीको सिफारीस गर्नका लागि देहाय बमोजिमको शिक्षक छनौट समिति रहने छ :

| | |
|---|---|
| क) सम्बन्धित विद्यालयका विव्यस अध्यक्ष | –अध्यक्ष |
| ख) नगर शिक्षा शाखाले तोकेको अधिकृत | –सदस्य |
| ग)सम्बन्धीत क्षेत्रको स्रोतव्यक्ति | –सदस्य |
| घ) सम्बन्धित विद्यालयका प्रधानाध्यापक | –सदस्य सचिव |

१९. शिक्षा अनुगमन समिति :

(१) विद्यालय शिक्षाको समग्र पक्षको अनुगमन गर्न देहाय बमोजिमको शिक्षा अनुगमन समिति गठन हुनेछ :

| | |
|---|---|
| (क) नगर कार्यपालिकाको तोकेको शिक्षा हेर्ने विषयगत समितिका संयोजक | –संयोजक |
| (ख) सम्बन्धित वडाका वडा अध्यक्ष | –सदस्य |
| (ग) नगर शिक्षा समितिले तोकेको अभिभावक मध्येबाट १ जना महिला | –सदस्य |
| (घ) संस्थागत विद्यालयका विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरू मध्येबाट नगर शिक्षा समितिले मनोनित गरेको १ जना | –सदस्य |
| (ङ) शिक्षक महासंघको नगर अध्यक्ष १ जना | –सदस्य |
| (च) नगर सभासद् मध्येबाट नगर प्रमुखले तोकेका एकजना महिला | –सदस्य |
| (छ) सम्बन्धित क्षेत्रको स्रोतव्यक्ति | –सदस्य सचिव |

(२) अनुगमन समितिले गरेको अनुगमनको प्रतिवेदन नगर शिक्षा समिति समक्ष चौमासिक रूपमा बुझाउनु पर्नेछ ।

शिक्षा अनुगमन समिति काम, कर्तव्य र अधिकारहरू तोकिएबमोजिम हुनेछ ।

२०. नगर शिक्षा अधिकारी:

(क) नगरपालिकामा शिक्षा हेर्ने एकजना शिक्षा शाखा प्रमुख हुनेछन् ।

(ख) शिक्षा प्रमुखका काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

(१) शिक्षा सम्बन्धी स्थानीय योजना नगरपालिका नगरसभाबाट पारित गराई कार्यान्वयन गर्ने गराउने,

(२) स्थानीय तहको शैक्षिक कार्यक्रम कार्यान्वयन गर्ने गराउने

(३) विद्यालय जाने र विद्यालयबाहिर रहेका बालबालिकाको खण्डीकृत शैक्षिक तथ्याङ्क अद्यावधिक गरी तथा गर्न लगाई प्रदेश तथा केन्द्रमा नियमित रूपमा पठाउने,

(४) विद्यालय सञ्चालन तथा शैक्षिक कार्यक्रम कार्यान्वयनका लागि स्रोतको बाँडफाँड गर्ने गराउने, (५) माध्यमिक तहसम्मको शैक्षिक कार्यक्रमको समन्वय र नियमन गर्ने,

(६) सेवा क्षेत्रभित्रका विद्यालय नक्साङ्कन गरी सोको आधारमा विद्यालय खोल्न अनुमति प्रदान गर्ने, कक्षा थप गर्ने, विद्यालय सार्ने, दुई वा दुईभन्दा बढी विद्यालय एक आपसमा गाभ्ने, विद्यालयको नाम परिवर्तन गर्ने सम्बन्धमा नगर शिक्षा समितिमा प्रतिवेदन पेश गर्ने ,

(७) सामुदायिक विद्यालयका शिक्षक तथा कर्मचारी व्यवस्थापन गर्ने,

८) विद्यालयमा कार्यरत शिक्षक कर्मचारीहरूको तलब भत्ता निकासाको लागि नगरपालिकामा सिफारीस गर्ने,

(९) विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीहरूको विदाको अभिलेख अद्यावधिक गर्ने, विद्यालयले स्वीकृत गर्ने बाहेकका अन्य विदाहरू स्वीकृत गर्ने,

(१०) वार्षिक रूपमा विद्यार्थी सङ्ख्याको अनुपातमा शिक्षक कर्मचारी दरबन्दी मिलान गर्ने सम्बन्धमा नगर शिक्षा समितिमा प्रतिवेदन पेश गर्ने,

११) विद्यालयहरूमा न्यूनतम शिक्षक दरबन्दी उपलब्ध गराउने व्यवस्था गर्ने,

(१२) विद्यालयहरूको समूह विभाजन गरी स्रोतकेन्द्र निर्धारण गर्ने र स्रोतकेन्द्रबाट विद्यालयको निरीक्षण, शिक्षकको तालिम तथा अन्य शैक्षिक क्रियाकलाप सञ्चालन गर्ने गराउने,

(१३) विद्यालयको गुणस्तर बढाउन प्रधानाध्यापक, शिक्षक, विद्यालय व्यवस्थापन समिति, अभिभावक तथा अन्य सरोकारवालाहरूको नियमित रूपमा बैठक, गोष्ठी वा तालिमको व्यवस्था गर्ने,

(१४) प्राथमिक र आधारभूत तहको परीक्षा व्यवस्थापन गर्ने, विद्यार्थी सिकाई उपलब्धि परीक्षण गर्ने र व्यवस्थापन गर्ने, विद्यार्थी प्रोत्साहन तथा छात्रवृत्ति व्यवस्थापन गर्ने,

(१५) सामुदायिक विद्यालयका शिक्षकहरूलाई आफ्नो विषयप्रति जिम्मेवार र जवाफदेही बनाउने ।

(१६) शिक्षा सम्बन्धी कार्य गर्दा प्रमुख प्रशासकीय अधिकृतको सुपरीवेक्षण तथा निर्देशनको अधीनमा रही कार्य सम्पादन गर्ने,

१७) नगर शिक्षा समितिको सदस्य सचिव भई काम गर्ने

## परिच्छेद -५

## विद्यालय व्यवस्थापन समिति सम्वन्धी व्यवस्था

**२१. विद्यालय व्यवस्थापन समिति** :

(१) सामुदायिक विद्यालयको सञ्चालन, व्यवस्थापन र रेखदेख गर्नका लागि प्रत्येक विद्यालयमा देहाय बमोजिमका सदस्यहरू रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछ :

(क) अभिभावकले आफूहरू मध्येबाट छानी पठाएका दुईजना महिलासहित चार जना -सदस्य

(ख) विद्यालय रहेको नगरपालिकाको सम्बन्धित वडाको वडाध्यक्ष वा वडा समितिका सदस्यहरू मध्येबाट सो वडा समितिले मनोनयन गरेको सदस्य एक जना -सदस्य

(ग) विद्यालयका संथापक, स्थानीय बुद्धिजीवी, शिक्षाप्रेमी, विद्यालयलाई दश लाख वा सो भन्दा बढी नगद वा जिन्सी सहयोग गरेका व्यक्तिहरू मध्येबाट विद्यालय व्यवस्थापन समितिले मनोनित गरेको एकजना महिलासहित २ जना –सदस्य

घ) विद्यालयका शिक्षकहरूले आफूहरू मध्येबाट छनौट गरी पठाएको १ जना शिक्षक -सदस्य

(ङ) विद्यालयका प्रधानाध्यापक –सदस्य सचिव

(२) प्राबिधिक तथा व्यवसायिक विषयमा अध्ययन वा तालिम गराइने माध्यमिक विद्यालयको विद्यालय व्यवस्थापन समितिमा नगरपालिका क्षेत्रभित्रका सम्बन्धित विषय तथा व्यवसायसँग आबद्धहरू मध्ये नगर शिक्षा समितिले मनोनित गरेका एक जना सदस्य रहनेछन् ।

३) विद्यालय व्यवस्थापन समितिका सदस्यहरूले उपदफा (१) को खण्ड (क), (ख) वा (ग) बमोजिमका सदस्यहरू मध्येबाट छानेका सदस्य सो समितिको अध्यक्ष हुनेछ ।

(४) विद्यालय व्यवस्थापन समितिको अध्यक्ष छनौट नभएसम्मका लागि वा अध्यक्षको अनुपस्थितिमा सो समितिका ज्येष्ठ सदस्यहरू मध्येबाट छानेको सदस्य सो समितिको अध्यक्ष हुनेछ ।

(५) विशेष शिक्षा सञ्चालन गर्ने विद्यालयको व्यवस्थापन समितिमा कम्तीमा पचास प्रतिशत सदस्यहरू अपाङ्गता भएका व्यक्तिको अभिभावकहरू सदस्य रहनेछन् ।

(६) व्यवस्थापन समितिको म्याद सकिनुभन्दा एक महिना अगावै नयाँ व्यवस्थापन समितिको गठन गरी बहालवाला व्यवस्थापन समितिले पदभार हस्तान्तरण गर्नु पर्नेछ । यसो हुन नसकेमा वा व्यवस्थापन समिति गठन विवादित भएमा तोकिए बमोजिम अस्थायी व्यवस्थापन समितिको गठन नगर शिक्षा समिति स्वयंले गर्नेछ ।

(७) व्यवस्थापन समिति गठन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(८) नीजि लगानीका विद्यालयको सञ्चालन, व्यवस्थापन र रेखदेख गर्नका लागि प्रत्येक विद्यालयमा देहाय बमोजिमका सदस्यहरू रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछ :

(क) विद्यालयको संस्थापक वा लगानीकर्ताहरू मध्येबाट सम्वन्धित विद्यालयको सिफारिसमा नगर शिक्षा समितिबाट मनोनित भएका व्यक्ति -अध्यक्ष

(ख) अभिभावकहरू मध्येबाट विद्यालय व्यवस्थापन समितिले मनोनित गरेको १ जना महिला सहित २ जना –सदस्य

(ग) स्थानीय शिक्षाप्रेमी वा समाजसेवीहरू मध्येबाट नगर शिक्षा समितिले मनोनित गरेको एकजना –सदस्य

(घ) सम्बन्धित विद्यालयका शिक्षकहरू मध्येबाट छानी पठाएका १ जना शिक्षक –सदस्य

(ङ) विद्यालय रहेको सम्बन्धित वडाका जनप्रतिनिधिहरू मध्येवाट वडा समितिको सिफारिसमा नगर शिक्षा समितिले मनोनयन गरेको एकजना –सदस्य

(च) सम्बन्धित क्षेत्रको स्रोतव्यक्ति –सदस्य

(छ) विद्यालयका प्रधानाध्यापक -सदस्य सचिव

(९) उपदफा (१), (२) र (३) बमोजिम छानिएका वा मनोनित अध्यक्ष वा सदस्यको पदावधि ३ वर्षको हुनेछ । त्यस्ता अध्यक्ष वा सदस्यले आफ्नो पद अनुसारको आचरण पालना नगरेको देखिएमा नगर शिक्षा समितिले निजलाई जुनसुकै बखत पदबाट हटाउन सक्नेछ । तर त्यसरी पदबाट हटाउनु अघि वा समिति विघटन गर्नु अघि आफ्नो सफाई पेस गर्ने मौकाबाट बञ्चित गरिनेछैन ।

(१०) सामुदायिक विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) विद्यालय सञ्चालनको लागि प्राप्त साधन र स्रोतको परिचालन गर्ने,

(ख) विद्यालयको चल, अचल सम्पत्तिको लगत राख्ने, राख्न लगाउने र सुरक्षा गर्ने,

(ग) विद्यालयको शैक्षिक, भौतिक तथा आर्थिक तथ्याङ्क र विवरण अद्यावधिक गर्ने,

(घ) विद्यालयको वार्षिक बजेट स्वीकृत गर्ने, त्यसको जानकारी नगरपालिकालाई दिने,

(ङ) विद्यालयमा स्वच्छ शैक्षिक वातावरण कायम राख्न राजनैतिक, धार्मिक वा साम्प्रदायिक भावनाको आधारमा विद्यालयको वातावरण विगार्न नदिने,

(च) विद्यालय व्यवस्थापन समितिको सचिवालय व्यवस्थित गर्ने,

(छ) शिक्षक सेवा आयोगले लिएको परीक्षामा सफल भई सिफारिस भएको शिक्षकलाई विद्यालयमा हाजिरी गराउने,

(ज) विद्यालयमा भएको रिक्त शिक्षक पदका लागि गरिएको विज्ञापनमा शिक्षक सेवा आयोगको करार सूचीमा रहेका शिक्षकहरूमध्येबाट योग्यताक्रमका आधारमा नियुक्ति दिने करार सूचीमा रहेका शिक्षकहरू प्राप्त हुन नसकेमा खुल्ला विज्ञापनबाट व्यवस्थापन गर्ने,

(झ) नगरपालिकाले तोकेका लेखापरीक्षकबाट विद्यालयको बार्षिक लेखापरीक्षण गराउने,

(ञ) लेखापरीक्षकको प्रतिवेदनअनुसार तत्काल आवश्यक कार्यवाही गर्ने र त्यसको प्रतिवेदन नगर शिक्षा समितिमा पेस गर्ने,

(ट) तोकिएबमोजिमका क्षेत्रसँग सम्बन्धित नगरपालिका र नगर शिक्षा समितिले दिएका निर्देशनहरूको पालना गर्ने,

(ठ) विद्यालयको आन्तरिक स्रोतवाट खर्च व्यहोर्ने गरी नियुक्त वा बढुवा गरेका शिक्षकका लागि सेवा, सर्त र सुविधा तोक्ने र तोकिए बमोजिमको पारिश्रमिक तथा सुविधाहरूको व्यवस्था गर्ने,

(ड) शिक्षक तथा कर्मचारीहरूलाई तोकिए बमोजिमका कार्वाही गर्ने,

ढ) विद्यालयको आन्तरिक स्रोतवाट खर्च व्यहोर्ने गरी शिक्षक वा कर्मचारी नियुक्त वा बढुवाको कार्यबिधि स्वीकृत गर्ने ।

(११) नीजि लगानीका विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

(क) विद्यालय सञ्चालनका लागि प्राप्त साधन र स्रोतको परिचालन गर्ने,

(ख) विद्यालयको चल, अचल सम्पत्तिको लगत राख्ने, राख्न लगाउने र सुरक्षा गर्ने,

(ग) विद्यालयको शैक्षिक, भौतिक तथा आर्थिक तथ्याङ्क र विवरण अद्यावधिक गर्ने,

(घ) विद्यालयमा स्वच्छ शैक्षिक वातावरण कायम राख्ने,

(ङ) नगरपालिकाले तोकेबमोजिमको पाठ्यक्रम तथा पाठ्यपुस्तक अनिवार्य रूपमा लागू गर्ने,

(च) दफा १८ (१) बमोजिमको शिक्षक छनौट समितिको सिफारीस बमोजिम शिक्षक पदमा नियुक्ति गर्ने,

(छ) नगरपालिकाले तोकेबमोजिमको न्यूनतम तलबस्केलमा नघटाई शिक्षकलाई तलब खुवाउने,

(ज) अनुशासनहीन शिक्षक तथा कर्मचारीहरूलाई कारवाही गर्ने,

(झ) शिक्षा ऐन, नियमावली तथा अन्य कानुनमा उल्लेखित व्यवस्थाका अतिरिक्त नगरपालिकाबाट जारी शिक्षासँग सम्बन्धित सबै ऐन, नीति नियम, कार्यविधि, निर्देशिका र निर्देशनहरूको पालन गर्ने गराउने,

(ञ) विद्यालय व्यवस्थापन समितिले प्रत्येक चौमासिक रूपमा आफ्नो शैक्षिक, आर्थिक लगायत अतिरिक्त क्रियाकलापसमेतको प्रतिवेदन वडा शिक्षा समितिमार्फत् नगर शिक्षा समितिमा पेस गर्नुपर्नेछ ।

(ट) विद्यालयले सङ्कलन गर्ने सवै प्रकारका शिक्षण शुल्क, कर्मचारी तथा शिक्षकहरूलाई उपलब्ध गराउने पारिश्रमिक, विद्यार्थीहरूलाई उपलब्ध गराउने छात्रवृत्ति लगायतका विषयमा नगर शिक्षा समितिले दिएका निर्देशनहरू पालना गर्ने ।

(ठ) शैक्षिक गुठी अन्तर्गत सञ्चालन भएका विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(१२) विद्यालय व्यवस्थापन समितिका अन्य काम, कर्तव्य अधिकार र बैठक सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ।

**२२. विद्यालय व्यवस्थापन समिति विघटन गर्न सकिने** :

(१) कुनै व्यवस्थापन समितिले तोकिएको जिम्मेवारी पुरा गर्न नसकेको भनी वडा शिक्षा समितिले कारणसहित नगर शिक्षा समितिमा सिफारिस गरेमा सोको कारण खुलाई नगर शिक्षा समितिले तोकिएको प्रक्रिया पुरा गराई विद्यालय व्यवस्थापन समितिलाई विघटन गर्न सक्नेछ । तर यसरी विघटन गर्नु अघि विद्यालय व्यवस्थापन समितिलाई आफ्नो सफाइ पेस गर्ने मनासिब मौका दिइने छ ।

(२) उपदफा (१) बमोजिम विद्यालय व्यवस्थापन समिति विघटन भएपछि अर्को विद्यालय व्यवस्थापन समिति गठन नभएसम्म वा अन्य कुनै कारणले विद्यालय व्यवस्थापन समिति गठन नभएसम्म नगर शिक्षा समितिले एक अस्थायी विद्यालय व्यवस्थापन समिति गठन गर्न सक्नेछ ।

**२३. विद्यालय सञ्चालन कार्यविधि** :

(१) यो ऐन वा प्रचलित कानुनको अधीनमा रही प्रत्येक सामुदायिक विद्यालयले विद्यालयको लक्ष्य, मूल्य, मान्यता, सञ्चालन प्रक्रिया, बालबालिकाहरूको चौतर्फी विकासमा टेवा पुग्ने गरी अतिरिक्त कृयाकलापहरूको विवरण लगायतका अन्य सान्दर्भिक विषयवस्तु समावेस गरिएको कार्यविधि अभिभावक भेलाबाट पारित गराइ लागू गर्नु पर्नेछ ।

(२) अभिभावक भेलाले आवश्यकता अनुसार कार्यविधि संशोधन गर्न सक्नेछ ।

(३) कार्यविधि अनुसार विद्यालय सञ्चालन गर्नु व्यवस्थापन समिति, प्रधानाध्यापक लगायत अन्य सबैको कर्तव्य हुनेछ ।

(४) अध्यावधिक कार्यविधिको प्रतिलिपि पारित भएको मितिबाट ७ दिनभित्र व्यवस्थापन समितिले नगरकार्यपालिकाको कार्यालयमा पेस गर्नु पर्नेछ ।

(५) विद्यालयको कार्यविधि सार्वजनिक दस्तावेज हुनेछ ।

(६) नगरपालिकाले नगरको शैक्षिक विकासका लागि नमुना विद्यालयको विकास गर्न, आवश्यकतानुसार नमुना विद्यालय स्थापना गर्न वा हाल सञ्चालित सामुदायिक विद्यालयहरूमध्येबाट नमुना विद्यालयको रूपमा छनौट गरी सञ्चालन गर्न सक्नेछ । नमुना विद्यालयलाई सम्बन्धित विषयमा आवश्यक स्वयम्सेवक र थप सहयोगको व्यवस्था तोकिएबमोजिम गरिनेछ ।

## परिच्छेद -६
## कोष, अनुदान, शुल्क तथा छात्रवृत्ति, विद्यालय सम्पत्ति, विद्यालयलाई छुट र सुविधा सम्वन्धी व्यवस्था

**२४. शिक्षा विकास कोष** : (१) सामुदायिक विद्यालयको भौतिक पूर्वाधार विकासमा सहयोग पुऱ्याउन तथा त्यस्ता विद्यायलयमा शैक्षिक गुणस्तर अभिवृद्धि गर्न नगरपालिकामा एउटा नगर शिक्षा विकास कोष रहनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरू रहने छन् :

(क) नेपाल सरकारबाट प्राप्त अनुदान रकम,

(ख) प्रदेश सरकारबाट प्राप्त अनुदान रकम,

(ग) नगरपालिकाबाट प्राप्त अनुदान रकम,

(घ) नीजि लगानीको विद्यालयबाट प्राप्त विद्यालयको वार्षिक कुल आम्दानीमध्ये तोकिए बमोजिमको रकम ,

(ङ) चन्दाबाट प्राप्त रकम,

(च) अन्य स्रोतबाट प्राप्त रकम ।

**२५. शिक्षा विकास कोष सञ्चालक समिति :**

(१) शिक्षा विकास कोष सञ्चालन समिति तोकिए बमोजिम हुनेछ ।

(२) उपदफा (१) बमोजिमको सञ्चालन समितिको काम, कर्तव्य, अधिकार तथा बैठक सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ ।

**२६. विद्यालय कोष** :

(१) प्रत्येक विद्यालयमा एउटा विद्यालय कोष रहनेछ, जसमा देहाय बमोजिमका स्रोतबाट प्राप्त रकम सो कोषमा दाखिला हुनेछ :

(क) नेपाल सरकार, प्रदेश सरकार र नगरपालिकाबाट प्राप्त अनुदान रकम,

(ख) नगरपालिकाको शिक्षा विकास कोषबाट प्राप्त अनुदान,

(ग) शुल्क तथा सहयोगबाट प्राप्त रकम,

(घ) चन्दा वा दान दातव्यबाट प्राप्त रकम,

(ङ) अन्य स्रोतबाट प्राप्त रकम ।

(२) उपदफा (१) बमोजिमको कोषको सञ्चालन र लेखापरीक्षण तथा सामाजिकपरीक्षण तोकिएबमोजिम हुनेछ।

**२७. अनुदानको व्यवस्था :**

(१) यो ऐन प्रारम्भ हुँदाका बखत दिंदै आएको अनुदान रकममा कटौती नहुने गरी तोकिएको शीर्षक स्रोत र सूत्रको आधारमा नगरपालिकाले समुदायिक विद्यालयलाई अनुदान दिन सक्नेछ तर कुनै विद्यालयले तोकिएको शैक्षिक स्तर कायम गर्न नसकेमा त्यस्ता विद्यालयलाई दिइँदै आएको अनुदान रकममा तोकिएबमोजिम कटौती गर्न सकिनेछ ।

**२८. प्रारम्भिक बाल विकासकेन्द्रलाई अनुदान दिन सक्ने** :

नगरपालिकाले प्रारम्भिक बालविकासकेन्द्रलाई तोकिएबमोजिमको अनुदान रकम दिन सक्नेछ ।

**२९. शुल्क सम्वन्धी व्यवस्था :**

(१) नेपाल सरकारले निःशुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षाका लागि सामुदायिक विद्यालयले विद्यार्थीहरूबाट कुनै पनि किसिमको शुल्क लिन पाउने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कुनै अभिभावकले आफ्नो इच्छाले दिएको दान, उपहार, चन्दा वा सहयोग सामुदायिक विद्यालयले लिन सक्नेछ ।

(३) सबै बाल बालिकाहरूलाई आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्म निःशुल्क शिक्षा प्रदान गर्नका लागि नगरपालिकाले आवश्यक स्रोतको व्यवस्था गर्नेछ ।

(४) उपदफा (१) बमोजिम निःशुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षाबाहेक अन्य विद्यालय शिक्षामा अध्ययन गर्ने विद्यार्थीसँग शुल्क तोकिएको आधारमा निर्धारण गरिनेछ ।

(५) विद्यालयले विद्यार्थीहरूलाई कुनै कक्षामा भर्ना गर्दा एकपटक भर्ना शुल्क लिइसकेपछि पुनः सोही विद्यालयको अर्को कक्षामा भर्ना गर्नका लागि कुनै किसिमको शुल्क लिन पाउने छैन ।

(६) विद्यालयले आफ्नो भौतिक संरचना निर्माण गर्नका लागि विद्यार्थीहरूसँग कुनै किसिमको शुल्क लिन पाउने छैन ।

(७) नीजि लगानीका विद्यालयले विद्यार्थीसँग लिन पाउने शुल्क नगरपालिकाबाट स्वीकृत गराई निर्धारण गर्नु पर्नेछ । त्यसरी शुल्क निर्धारण सम्बन्धमा स्वीकृति दिदा नगरपालिकाले विद्यालयले उपलब्ध गराएको सुविधाको आधारमा दिनेछ ।

(८) कुनै विद्यालयले यस ऐन विपरीत विद्यार्थीसँग कुनै शुल्क लिएमा नगरपालिकाले त्यस्तो शुल्क सम्बन्धित विद्यार्थीलाई फिर्ता गर्न लगाउनु पर्नेछ ।

(९) यस ऐन विपरीत शुल्क लिने विद्यालयलाई नगरपालिकाले पच्चीस हजार रूपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

**३०. छात्रवृत्तिको व्यवस्था गर्न सक्ने** : नगरपालिकाले विद्यालयमा भर्ना हुने विद्यार्थीहरूलाई तोकिएबमोजिम छात्रवृत्तिको व्यवस्था गर्न सक्नेछ । कक्षा पाँच सम्मका विद्यार्थीहरूलाई तोकिए बमोजिम अनिवार्य खाजाको व्यवस्था गरिनेछ ।

**३१ नीजि लगानीका  विद्यालयले छात्रवृत्ति उपलब्ध गराउनु पर्ने** :

(१) नीजि लगानीका विद्यालयहरूले संघिय कानुनमा व्यवस्था भए बमोजिम आर्थिक रूपमा विपन्न, अपाङ्ग, महिला, दलित वा जनजाति विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम छात्रवृत्तिका लागि विद्यार्थी छनौट गर्न विद्यालयले एक विद्यार्थी छनौट समिति गठन गर्नेछ । प्रत्येक विद्यालयले आफूले उपलब्ध गराएको आधार सहितको छात्रवृत्तिको विवरण नगर शिक्षा समितिमा पेस गर्नुपर्नेछ ।

**३२. विद्यालयको सम्पत्ति** :

(१) सामुदायिक विद्यालयको हकभोगमा रहेको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ । यस ऐन बमोजिम अनुमति वा स्वीकृति रद्ध गरिएको वा कुनै विद्यालयमा गाभिएको सामुदायिक विद्यालयको सम्पत्ति नगरपालिकाले अन्य विद्यालयको काममा प्रयोगमा नआउने भएमा प्रचलित कानुन बमोजिम बेचबिखन गरी प्राप्त भएको रकम सम्बन्धित नगरपालिकाको शिक्षा विकास कोषमा जम्मा गर्नेछ ।

(२) शैक्षिक गुठी अन्तर्गत सञ्चालित नीजि लगानीको  विद्यालयको सम्पत्ति सोही विद्यालयको नाममा रहनेछ । कुनै विद्यालय सार्वजनिक शैक्षिक गुठीको रूपमा सञ्चालन गरिएकोमा त्यस्तो विद्यालयको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ र त्यस्तो सम्पत्तिको स्वरूप परिवर्तन गर्न पाइने छैन ।

(३) कम्पनी अन्तर्गत सञ्चालित  विद्यालयको सम्पत्ति सोही कम्पनीको नाममा रहनेछ ।

(४) नीजि लगानीका विद्यालयले कुनै व्यक्ति वा संघ संस्थासँग दान दातव्यको रूपमा कुनै किसिमको चल, अचल सम्पत्ति प्राप्त गर्नु अघि नगरपालिकाको  स्वीकृति लिनु पर्नेछ । तर विदेशी व्यक्ति वा संघसंस्थावाट त्यसरी चल, अचल सम्पत्ति प्राप्त गर्नु अघि नेपाल सरकारको स्वीकृति लिनु पर्नेछ ।

(५) नेपाल सरकारको स्वीकृतिमा प्राप्त गरेको सम्पत्ति नेपाल सरकारको स्वीकृतिबेगर बेचविखन गर्न पाइने छैन ।

**३३. विद्यालयलाई छुट र सुविधाः**

(१) प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएतापनि सामुदायिक विद्यालय र शैक्षिक गुठीको रूपमा सञ्चालित नीजि लगानीका विद्यालयको नाममा जुनसुकै लिखत पारित गर्दा रजिष्ट्रेशन दस्तुर नेपाल सरकारले तोकेको आधारमा छुट दिन सक्नेछ ।

(२) उपदफा (१) मा लेखिएको बाहेक अन्य विद्यालयको नाममा कुनै लिखत पारित गर्दा नेपाल सरकारले तोकेबमोजिमको आधारमा रजिष्ट्रेशन दस्तुर लाग्नेछ ।

(३) सामुदायिक विद्यालय र शैक्षिक गुठीको रुपमा सञ्चालित नीजि लगानीका विद्यालयलाई दिइने अन्य छुट र सुविधा तोकिएबमोजिम हुनेछ ।

## परिच्छेद -७

## दरवन्दी मिलान, शैक्षिक योग्यता, नियुक्ति र सरुवा सम्वन्धी व्यवस्था

**३४. दरबन्दी मिलान** :

आवश्यक मापदण्ड सहित विद्यार्थी/शिक्षक अनुपात निर्धारण गरी नगर शिक्षा समितिले प्रत्येक वर्षको बैसाखभित्र दरबन्दी मिलान गर्ने कार्य गर्नेछ । हाल रहेको शिक्षक जगेडा दरबन्दी यसै ऐन बमोजिम नगरपालिका मातहत रहनेछ ।

**३५. शैक्षिक योग्यता** : विद्यालयको शिक्षक, कर्मचारी एवम् बालविकास केन्द्रको सहयोगी कार्यकर्ताका लागि चाहिने शैक्षिक योग्यता तोकिएबमोजिम हुनेछ ।

**३६. शिक्षक विद्यार्थीको अनुपात मिलाउनु पर्ने** : नगरपालिकाले प्रत्येक विद्यालयमा नियमित अध्ययन गर्ने विद्यार्थी सङ्ख्या र विषयका आधारमा तोकिएबमोजिम विद्यार्थी तथा शिक्षकको अनुपात कायम गर्नु पर्नेछ ।

**३७. शिक्षकलाई अन्य काममा लगाउन नहुने** :

(१) सामुदायिक विद्यालयलको शिक्षकलाई शिक्षा प्रदान गर्ने वा विद्यालय प्रशासनिक सम्बन्धी काममा बाहेक अन्य काममा लगाउन हुँदैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि विद्यालयको पठन पाठनमा बाधा नपर्ने गरी नेपाल सरकार वा नगरपालिकाले तोकेको अन्य कुनै काममा खटाउन सकिनेछ ।

**३८. अदालतको आदेशबाट पुनः बहाली हुन सक्ने** :

(१) दफा (४२) मा उल्लेख भएका कुनै आरोप वा केही आरोपमा सजाय पाई नोकरीबाट हटाइएको वा बर्खास्त भएको शिक्षक कर्मचारी अदालतको आदेश वा फैसला बमोजिम मात्र नोकरीमा पुनः बहाली हुन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम पुनः बहाली भएको शिक्षक वा कर्मचारीले नोकरीबाट हटेको दिनदेखि पुनःबहाली भएको मितिसम्मको पुरा तलबभत्ता र तलब बृद्धि पाउने भए सो समेत पाउनेछ ।

**३९. शिक्षकको नियुक्ती, सरुवा, बढुवा** :

(१) नगरपालिकाभित्र सरुवाका लागि निवेदन दिने स्थायी, अस्थायीकरार, अनुदानकोटा (राहत) मा कार्यरत शिक्षकले सरुवा भएर जाने र आउने दुबै विद्यालयका व्यवस्थापन समितिको सहमतिमा कक्षा सञ्चालनमा बाधा नपर्ने गरी नगर शिक्षा समितिको अनुमोदनमा तोकिए बमोजिमको प्रक्रिया अपनाई रिक्त दरबन्दीमा नगर शिक्षा अधिकारीले सरुवा गर्न सक्नेछ ।

(२)उपदफा (१)मा जुनसुकै कुरा लेखिएको भएतापनि दरबन्दी मिलान गर्दा वा विशेष कारणवश कुनै शिक्षकलाई कुनै विद्यालयबाट सरुवा नगरी नहुने भएमा कारण खुलाई नगरशिक्षा समितिको निर्णय अनुसार नगर शिक्षा अधिकारीले सरुवा गर्न सक्नेछ ।

बेलबारी नगरपालिका राजपत्र

(३) शिक्षक सेवा आयोगबाट सफल भई सिफारिस भएका शिक्षकलाई विषय मिल्ने गरी स्थायी नियुक्ति दिई काममा लगाउनु पर्नेछ ।

३) दरबन्दीमा करार शिक्षक नियुक्ति गर्दा शिक्षा सेवा आयोगको करार सूचीलाई पहिलो प्राथमिकता दिइनेछ ।

(४) शिक्षकको बढुवा सम्बन्धी व्यवस्था : हाल स्थायी रूपमा कार्यरत शिक्षकहरूको बढुवा सम्बन्धी व्यवस्था संघिय सरकार /प्रदेश सरकारबाट लागू भएको कानुन बमोजिम हुनेछ ।

४०. **तलबभत्ता नपाउने र सेवा अवधि गणना नहुने** : दफा (३७)(२) मा उल्लेखित अवस्थामा वा नियमानुसार विदा स्वीकृत गराई बसेको अवस्थामा बाहेक विद्यालयमा अनुपस्थित रहेका शिक्षकले अनुपस्थित अवधिको तलब भत्ता पाउने छैनन् र सो अवधि सेवामा गणनासमेत हुनेछैन ।

४१. **प्रधानाध्यापक सम्बन्धी व्यवस्था :**

(१) प्रत्येक विद्यालयमा विद्यालयको प्राज्ञिक तथा प्रशासकीय प्रमुखका रूपमा काम गर्न एक जना प्रधानाध्यापक रहनेछ ।

(२) उपदफा (१) बमोजिमका प्रधानाध्यापकको नियुक्ति, सेवासर्त र सुविधा सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

४२. **स्थायी आवासीय अनुमति लिन नहुने** : सामुदायिक विद्यालयलमा कार्यरत कुनै शिक्षक वा कर्मचारीले कुनै पनि देशको स्थायी आवासीय अनुमति लिन वा त्यस्तो अनुमति प्राप्त गर्नको लागि आवेदन दिन हुँदैन । स्थायी आवासीय अनुमति लिएका तथा लिन आवेदन दिएका शिक्षक वा कर्मचारीलाई दण्ड तथा सजाय तोकिए बमोजिम हुनेछ ।

४३. **शिक्षक महासंघ, शिक्षक तथा कर्मचारीको पदीय आचरण तथा अन्य व्यवस्था** :

(१) सामुदायिक विद्यालयलका शिक्षकहरूको पेसागत हकहितका सम्बन्धमा कार्य गर्न तोकिए बमोजिमको एक शिक्षक महासंघ रहनेछ ।

(२) देहायका अवस्थामा शिक्षक तथा कर्मचारीलाई विद्यालय व्यवस्थापन समितिले वडा शिक्षा समिति मार्फत पदबाट हटाउन नगर शिक्षा समितिमा सिफारिस गर्नेछ । सो उपर अनुगमन समितिको प्रतिवेदनका आधारमा नगरकार्यपालिकाको निर्णयबाट नगर शिक्षा अधिकारीले सेवाबाट बर्खास्त गर्न सक्नेछ ।

(क) तोकिएबमोजिम पदीय दायित्व पुरा नगरेमा,

(ख) विना सूचना लगातार पन्ध्र दिनभन्दा बढी समय विद्यालयमा अनुपस्थित भएमा,

(ग) विद्यालयमा मादक/लागू पदार्थ सेवन गरी आएको कुरा प्रमाणित भएमा,

(घ) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा अदालतबाट सजाय पाएमा,

(ङ) सामुदायिक विद्यालयका शिक्षकहरू वा कर्मचारीले कार्यालय समयमा अन्यत्र अध्यापन वा अन्य व्यवसायिक क्रियाकलाप गरेमा ,

(च) शिक्षक वा कर्मचारी राजनैतिक दलको कार्यकारिणी समितिमा रहेको पाइएमा,

(छ) शिक्षक वा कर्मचारीले व्यावसायिक हकहितका नाममा सूक्ष्म रूपमा अमूक राजनैतिक दलको मात्र हित वा विरोधमा कार्य गर्ने संगठनका गतिविधिमा कार्यालयको समयमा संलग्न भएमा ।

(३) उपदफा (२) बमोजिम वा अन्य माध्यमले कुनै शिक्षक वा कर्मचारीलाई पदबाट हटाउनु अगावै मनासिव स्पष्टीकरणको मौका प्रदान गरिने छ ।

स्पष्टीकरण : यस खण्डको प्रयोजनका लागि कार्यकारिणी समिति भन्नाले राजनैतिक दलको विधान बमोजिम गठित केन्द्रीयस्तर, प्रदेशस्तर, जिल्लास्तर वा स्थानीयस्तरका कार्यकारिणी समिति सम्झनु पर्दछ ।

## परिच्छेद ९

### स्रोतकेन्द्र सम्बन्धी व्यवस्था

४४. **स्रोतकेन्द्र स्थापना :**

(१) नगरपालिका क्षेत्रभित्र सामुदायिक र नीजि लगानीका विद्यालयको सुपरीवेक्षण तथा शैक्षिक सहजीकरणका लागि न्यूनतम दुईवटा स्रोतकेन्द्र रहने छन् । तर ७० भन्दा बढी विद्यालय भएमा तीन ओटासम्म स्रोतकेन्द्र रहने छन् ।

(२) बहालवाला स्रोतव्यक्तिको पद रिक्त भएमा स्रोतकेन्दमा माध्यमिक तहको स्थायी शिक्षकहरू मध्येवाट तोकिए बमोजिम छनोट गरिएको स्रोतव्यक्ति रहनेछ ।

(३) स्रोतकेन्द तथा स्रोतव्यक्तिले बार्षिक तथा मासिक कार्ययोजना बनाई नगर शिक्षा अधिकारीबाट स्वीकृत भए अनुसार विद्यालयको नियमित अनुगमन, नमुना कक्षा प्रदर्शन, शैक्षणिक सहयोग, नेपाल सरकार तथा नगरपालिकाको निर्णय, निर्देशन र सूचना प्रवाह तथा कार्यान्वयन गर्नु पर्नेछ ।

४) स्रोत व्यक्तिको कार्यालय अर्को व्यवस्था नभएसम्मको लागि सम्बन्धीत नगर कार्यपालिकाको कार्यालयमा रहनेछ ।

४५. **स्रोतव्यक्तिको काम कर्तव्य र अधिकार**

१) सामुदायिक तथा नीजि लगानीका विद्यालयहरूको नियमित सुपरिवेक्षण गर्ने ।

२) समय समयमा कक्षा अवलोकन तथा नमुना पाठ प्रदर्शन गर्ने ।

३) सिकाइ सहजिकरणका लागि शिक्षकहरूलाई प्राविधिक सहयोग गर्ने ।

४) शिक्षा तथा सचेतना सम्बन्धी विभिन्न तालिम,गोष्ठी एवं बैठक सञ्चालन गर्ने ।

५) विद्यालय शिक्षासँग सम्बन्धित विभिन्न तथ्याङ्क सङ्कलन,अभिमुखिकरण गरी नगर शिक्षा समितिमा पेश गर्ने ।

६) विद्यालयले बनाउने विभिन्न योजनाहरूमा प्राविधिक सहयोग गर्ने ।

७) विद्यालय स्तर र नगरपालिका स्तरका विद्यालयले सञ्चालन गर्ने परीक्षा एवं अन्य कार्यक्रमहरूको संयोजन गर्ने ।

८) शिक्षकहरूको कार्य सम्पादनको आधारमा प्रोत्साहनका लागि नगर शिक्षा समितिमा सिफारिस गर्ने ।

९) स्रोतकेन्द्रको मासिक तथा वार्षिक कार्य योजना निर्माण गरी नगर शिक्षा समितिमा पेस गर्ने र मासिक कार्य सम्पादनको प्रतिवेदन समेत पेस गर्ने ।

१०) शिक्षक, कर्मचारीले गरेका राम्रा कामहरूको लिखत राखी सो अनुसार पुरस्कृत तथा नसियत दिने व्यवस्था मिलाउने

११) नगर शिक्षा समिति र नगरपालिकाका विभिन्न सुझाव नीति एवं निर्देशनको सूचना सबै विद्यालयहरूमा सम्प्रेषण गर्ने ।

१२) नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहका सरकारले तोकेका अन्य कामहरू गर्ने ।

## परिच्छेद-१०

### विविध

४६.**विद्यालय कर्मचारी सम्बन्धमा** : विद्यालयमा शिक्षक बाहेक आवश्यक संख्यामा संघिय कानुन बमोजिम कर्मचारी रहने छन् ।

४७. **विद्यालयलाई सुरक्षित क्षेत्रको रूपमा कायम गर्नु पर्ने :**

(१) विद्यालयमा स्वतन्त्र र भयरहित रूपमा अध्ययन, अध्यापन गर्ने वातावरण सिर्जना गर्न तथा विद्यालयभित्र कुनै पनि किसिमको अवाञ्छित क्रियाकलाप हुन नदिने गरी विद्यालयलाई सुरक्षित क्षेत्र कायम गर्नु पर्नेछ ।
(२) उपदफा (१) बमोजिम सुरक्षित क्षेत्र कायम गर्दा विद्यालयले पालना गर्नु पर्ने सर्त तथा मापदण्ड तोकिएबमोजिम हुनेछन् ।

**४८. बालबालिकाहरूलाई निष्कासन गर्न, शारीरिक वा मानसिक दुर्व्यवहार गर्न नहुने :**
(१) कुनै पनि बालबालिकालाई विद्यालयबाट निष्कासन गर्न पाइनेछैन ।तर बालबिबाह गरेको अवस्थामा बालकलाई आवश्यक कारवाहीका लागि सिफारिस गरी पठाउन बाधा पुगेको मनिने छैन ।
(२) विद्यालयमा अध्ययनरत बालबालिकालाई शारीरिक वा मानसिक यातना दिन वा दुर्व्यवहार गर्न पाइने छैन ।

**४९. प्रगति विवरण बुझाउनु पर्ने** : नीजि लगानीका विद्यालयले प्रत्येक बर्ष तोकिए बमोजिमका विवरण सहितको प्रगति विवरण नगर शिक्षा समिति समक्ष बुझाउनु पर्नेछ ।

**५०. दण्ड सजाय :**
१) कसैले विद्यालयको सम्पत्ति हिनामिना वा नोक्सान गरेमा त्यस्तो व्यक्तिलाई मुद्दा हेर्ने अधिकारीले बिगो असुल गरी बिगोबमोजिम जरिवाना गर्न सक्नेछ ।
२) कसैले देहायका कार्य गरेमा, गर्न लगाएमा वा सो कार्य गर्न सहयोग पुर्‍याएमा त्यस्तो व्यक्तिलाई कसुरको मात्रा हेरी कानुनले तोकेबमोजिम सजाय हुनेछ :

(क) प्रश्नपत्रको गोपनीयता भङ्ग गरेमा,
(ख) उत्तरपुस्तिका परीक्षण गर्दा लापरवाही वा गैर जिम्मेवारपूर्ण कार्य गरेमा,
(ग) परीक्षा केन्द्रमा सम्बन्धित पदाधिकारीको स्वीकृति बिना प्रवेश गर्न प्रयत्न गरेमा वा प्रवेश गरेमा वा परीक्षा केन्द्र नियन्त्रणमा लिई अमर्यादित कार्य गरेमा,
(घ) परीक्षाफल प्रकाशनमा अनियमितता गरेमा,
(ङ) अरुको तर्फबाट परीक्षा दिएमा,
(च) विद्यार्थी भर्ना गर्दा दान, उपहार वा कुनै रकम लिएमा,
(छ) अनुमति नलिई कुनै शैक्षिक कार्यक्रम, शैक्षिक परामर्श, ब्रिजकोर्ष, कोचिङ्ग कक्षा, ट्यूसन सेन्टर, भाषा शिक्षण कक्षा तथा पूर्व तयारी कक्षा सञ्चालन गरेमा,
(ज) परीक्षाको मर्यादा भङ्ग हुने अन्य कुनै कार्य गरेमा,
(झ) कानुन विपरितका अन्य कार्य गरेमा ।

(३) कानुनबमोजिमको कसुरको सम्वन्धमा विद्यालयको कुनै शिक्षक वा कर्मचारी उपर मुद्दा हेर्ने अधिकारी वा अदालतमा मुद्दा दायर भएमा त्यस्तो शिक्षक वा कर्मचारी त्यसरी मुद्दा दायर भएको मितिदेखि मुद्दाको अन्तिम फैसला नभएसम्म निलम्बित हुनेछन् । सो शिक्षक वा कर्मचारी अदालतबाट कसुरदार ठहरिएमा निजलाई यस ऐनबमोजिम विभागीय सजाय गरिनेछ ।

**५१. पुनरावेदन** : तोकिएको अधिकारीले गरेको सजायको आदेश उपर कानुन बमोजिम पुनरावेदन लाग्नेछ ।

**५२. नगरपालिकाले निर्देशन दिन सक्ने :**

(१) नगरपालिकाले तोकिएको क्षेत्रसँग सम्वन्धित छात्रावास, ट्युसन सेन्टर, कोचिङ सेन्टर सञ्चालनका लागि तोकिए बमोजिमका सर्त पुरा गरेका संस्थालाई अनुमति लगायतका आवश्यक निर्देशनहरू विद्यालय व्यवस्थापन समितिलाई दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको दिइएको निर्देशन पालन गर्नु विद्यालय व्यवस्थापन समितिको कर्तव्य हुनेछ ।

**५३.शिक्षा परामर्श सभा गठन गर्नसक्ने** : नगरपालिकाले आवश्यक ठानेमा समग्र शिक्षाको स्थिति पहिचान गरी शैक्षिक उन्नयनका लागि आवश्यकपरामर्श दिन एक सर्वपक्षिय शिक्षा परामर्श सभा गठन गर्न सक्नेछ ।

५४. सूचना प्रविधि : विद्यालयहरूले आफ्ना विद्यार्थीहरूलाई सूचना प्रविधिको प्रयोग गरी अध्ययनको अवसर सिर्जना गर्नु पर्नेछ । सूचना प्रविधिको प्रयोग गरी अध्यापन गर्ने विद्यालयहरूलाई नगरपालिकाले आवश्यक सहयोग गर्न सक्नेछ ।

**५५. नियम बनाउने अधिकार :**

(१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न नगरकार्यपालिकाले आवश्यक शिक्षा नियमावली, आवश्यक निर्देशिका, कार्यविधि, मापदण्ड बनाइ लागू गर्न सक्नेछ ।

**५६. संक्रमणकालीन व्यवस्था :**

(१) यस ऐनले तोकिएबमोजिम हुने भनी व्यवस्था गरेको काम नियमावली नआएसम्म नगर कार्यपालिकाले गर्न सक्नेछ ।

(२) यो ऐन जारी भएपछि विद्यालयमा रिक्त रहेका दरबन्दीमा विज्ञापनको अनुमति नगरपालिकाले दिने छ र सोको बोधार्थ शिक्षा विकास तथा समन्वय एकाईलाई दिने छ ।

**५६. बाधा अडकाउ फुकाउने अधिकार** : यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कुनै बाधा अड्काउ परेमा नगरकार्यपालिकाले त्यस्तो बाधा अड्काउ हटाउन आदेश जारी गर्न सक्नेछ र त्यस्तो आदेश यसै ऐनमा परे सरह मानिनेछ ।

**५७. बचाउ र लागू नहुने :**

(१) यो ऐन वा यस ऐनअन्तर्गत बनेका नियममा लेखिएजति कुरामा सोही बमोजिम र नलेखिएको कुरामा प्रचलित कानुन बमोजिम हुनेछ ।

(२) यस ऐनमा लेखिएको कुनै कुराले पनि विद्यालयको सम्पत्ति हिनामिना गरेको कसुरमा भ्रष्टाचार निवारण ऐन २०५९ अन्तर्गत कारवाही चलाउन बाधा पर्ने छैन ।

(३) संविधान, सङ्घीय र प्रादेशिक कानुनसँग बाझिएको यस ऐनका दफा र उपदफाहरू बाझिएको हदसम्म स्वतः निष्क्रिय हुनेछन ।

(४) यसअघि कानुन बमोजिम नियुक्त शिक्षक कर्मचारीहरूलाई नेपाल सरकारले दिँइदै आएको सुविधामा कुनै किसिमको कटौती गरिनेछैन । तर यो व्यवस्थाले कानुनबमोजिम दण्ड, सजाय कारवाही गर्न बाधा पर्नेछैन ।

आज्ञाले,

नोखिराम ओलि

प्रमुख प्रशासकीय अधिकृत